प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

# CDS and Clearing Limited

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या : २०७६/७७-९९
चलानी नं. : ६३१

CDS and Clearing Ltd.

मिति : २०७६/११/१८

श्री सम्पूर्ण राफसाफ सदस्यहरु,

**विषय : समयमा राफसाफ दायित्व पूरा गर्ने सम्बन्धमा ।**

महाशय,

धितोपत्रको राफसाफ तथा फछ्र्यौट गर्ने क्रममा राफसाफ सदस्यहरुले आफूले गरेको कारोबारको राफसाफ T+3 को १२ बजे सम्ममा पूरा गर्नु पर्नेमा समय पूरा गर्न नसकी राफसाफ तथा फछ्र्यौट प्रक्रिया तोकिएको समयमा सम्पन्न गर्न कठिनाई उत्पन्न भएको हुँदा अब उपरान्त सम्पूर्ण राफसाफ सदस्यहरुले T+3 को १२ बजे भित्र आफूले पूरा गर्नु पर्ने तपशिल बमोजिमका सम्पूर्ण दायित्वहरु पूरा गर्न हुन जानकारी गराईन्छ । त्यसै गरी निक्षेप सदस्यहरुले हाल T+3 सम्म लगानीकर्ताहरुबाट भौतिक निर्देशन पूर्जी (DIS) प्राप्त हुने गरेको र यसले गर्दा हाल बढी रहेको कारोबारको परिप्रक्ष्यमा Manually उक्त भौतिक निर्देशन पूर्जी सिडिएससिको निक्षेप प्रणालीमा समयमा प्रविष्टी गर्न कठिनाई भएको गुनासो निक्षेप सदस्यहरुबाट प्राप्त भएको हुँदा लगानीकर्ताहरुलाई आफूले बिक्री गरेको धितोपत्रहरु **"मेरो शेयर"** मार्फत् EDIS गरी शेयर Transfer गर्नको लागि प्रोत्साहन गर्न हुन समेत अनुरोध गरिन्छ ।

**तपशिल :**

**राफसाफ सदस्यले T+3 मा गनु पर्ने कार्यहरु :**

१. Shortage Mark,

२. WACC (Weighted Average Cost of Capital Input),

३. Share Transfer to/from Pool Account,

साथै राफसाफ सदस्यहरुलाई आवश्यक परेको खण्डमा सिडिएससिको राफसाफ प्रणालीमा WACC प्रविष्टी गर्नको लागि थप Login हरु यस लि. बाट प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउँदछु । यदि राफसाफ सदस्यहरुले समयमा नै आफ्नो दायित्व पूरा नगरी राफसाफ भएको खण्डमा त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार सम्बन्धित राफसाफ सदस्य नै हुने व्यहोरा समेत निर्देशानुसार अनुरोध गर्दछु ।

..........................
(सुशीला पाण्डे)
अधिकृत
कार्य संचालन विभाग

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150/4260386/4260783, Fax: +977-1-4240357
Email: info@cdsc.com.np, Website: www.cdsc.com.np